स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



'दुश्मन हेरेको हेर्‍यै' सांगीतिक टूरको क्रममा अमेरिकामा रहेका गायक दुर्गेश थापा टेक्सास राज्यको डालसमा गुञ्जिने भएका छन्। अमेरिकी समयानुसार १५ नोभेम्बर शनिबार उनले डालसमा प्रस्तुति दिने तय भएको हो। स्थानीय सफायर इभेन्ट हलमा हुने कार्यक्रममा राजेशपायल राई प्रस्तुति दिनेछन्। दुर्गेशले यसअघि अस्टिन, न्यूयोर्क सिटी, ह्यारिसबर्ग, पिट्सबर्ग, भर्जिनियाको मनसास र बाल्टिमोरमा प्रस्तुति दिइसकेका छन्।

आजको विचार...



सुशासनको...
(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल

यस वर्षको बडादशैं र तिहारमा प्रदर्शनमा आएका सात नेपाली चलचित्रमध्ये 'जेरी अन टप'ले सबैभन्दा धेरै आम्दानी गर्दै घरेलु बक्स अफिसमा अग्रस्थान कायम गरेको छ। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको कात्तिक १५ गतेसम्मको तथ्यांक अनुसार, 'जेरी अन टप"ले तीन लाख ३३ हजार ६०५ वटा टिकट बिक्री गरी १० करोड ५१ लाख ४८ हजार रुपैयाँ कमाएको छ। दोस्रो धेरै आम्दानी गर्ने फिल्म 'बलिदान' रहेको बोर्डको तथ्यांकमा उल्लेख छ।




❒ वर्ष ३१ अंक ९८ ❒ २०८२ कात्तिक १९ गते बुधबार 5 November 2025, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# अझै रोकिएन असुरक्षित गर्भपतन : आफूखुसी औषधि नखाऔं

रासस

**ढोरपाटन (बागलुङ),** कात्तिक १८/ बागलुङमा पछिल्लो समय सुरक्षित स्वास्थ्य सस्थाबाट नै गर्भपतन सेवा लिनेको संख्या बढ्दो छ । प्रदेश जनस्वास्थ्य कार्यालयको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा एक हजार ६४ जना महिलाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा सुचीकृत स्वास्थ्य सस्थामार्फत् सेवा लिएका थिए ।

सेवा लिएका मध्ये २७ जना २० वर्ष मुनिका रहेका बताइएको छ । आव २०८०/ ८१ मा एक हजार १५२ जनाले सुरक्षित गर्भपतन सेवा लिएका थिए । अर्कोतर्फ अझै पनि 'लाज र डर'का कारण औषधि मार्फत् ज्यान जोखिममा पारेर असुरक्षित गर्भपतन गराउने कायम रहेको छ । यस्ता सेवा लिनेमा किशोरी र सम्बन्धविच्छेद गरेका महिला समेत छन् । जिल्लाका १० स्थानीय तहका २६ स्वास्थ्य संस्थाले



सुरक्षित गर्भपतन सेवा प्रदान गर्ने गर्दछन् । ती मध्ये बागलुङमा ३ ,गलकोटमा चार, जैमिनीमा दुई, ढोरपाटनमा तीन, काठेखोलामा ७, निसीखोलाा दुई, तमानखोलामा एक, ताराखोलामा दुई, बडिगाडामा एक र बरेङको एउटा स्वास्थ्य संस्था छन् । असुरक्षित यौन सम्बन्ध र अनिच्छित गर्भको कारण सेवाग्राहीले सूचिकृत स्वास्थ्य सस्थाबाट गर्भपतन सेवा लिने जनाइएको छ । कार्यालयका सूचना अधिकारी देवप्रकाश घिमिरेले चालु आर्थिक वर्षको तीन महिनामा १७२ जनाले सूचिकृत स्वास्थ्य सस्था मार्फत् गर्भपतन सेवा लिएको जानकारी दिए । उनका अनुसार जसमा २० वर्ष मुनिका छ जना रहेका छन् । सूचिकृत स्वास्थ्य संस्थामा भन्दा अन्यत्र गर्भपतन सेवा लिने जिल्लामा कायमै रहेको जनाइएको छ । सूचना घिमिरेले भने, "कतिपयले आनो स्वास्थ्य नै जोखिममा पर्ने गरी असुरक्षित गर्भपतन गराउने गरेको छन् । धेरै समस्या भएपछि सूचिकृत स्वास्थ्य सस्थामा आउने सेवाग्राही समेत हुन्छन् ।" बुर्तिबाङ अस्पतालकी नर्सिङ अधिकृत निरीक्षक पार्वती अर्यालले सूचिकृत स्वास्थ्य सस्थामा दोहोरिएर गर्भपतन सेवा लिन आउनेको पनि संख्यामा बृद्धि भइरहेको जानकारी दिए । उनका अनुसार पछिल्ला समय परिवार व्यवस्थापनका लागि स्थायी तथा अस्थायी साधन प्रयोग नगर्दा पछिल्लो समय गर्भपतन गराउने महिलाको संख्यामा बृद्धि भएको हो । अस्पतालमा अविवाहित किशोरी पनि गर्भपतन सेवाका लागि अस्पतालमा आउने गरेको जनाइएको छ । "उमेर पुगेका महिलादेखि अविवाहित किशोरी र अन्य महिला पनि गर्भपतन सेवा लिन आउनुहुन्छ, अशिक्षा र असाबधानीका कारण गर्भपतन गराउनुपर्ने बाध्यतामा उनीहरु हुन्छन्" उनले भने "असुरक्षित रुपमा गर्भपतन गराउनेको संख्यामा अहिले केही कमी आएको छ, तर अस्पताल बाहिर असुरक्षित रुपमा गर्भपतन गराउनेहरु पनि हुन्छन्, लाज र डरले गर्दा उनीहरु अस्पताल आउँदैनन्, औषधि खाएर गर्भपतन गराउँदछन् ।" औषधि पसलमा जथाभावि पाइने गर्भपतनका अनाधिकृत औषधि उपयोग गर्दा महिलाको ज्यान समेत जोखिममा पर्ने गरेको छ । औषधि व्यवस्था विभागले सूचीकृत गरेका औषधि पसलमा मात्र गर्भपतनका औषधि बिक्री गर्न पाइन्छ । तर अनाधिकृत औषधि पसलमा यस्ता औषधि बिक्री वितरण नरोकिएको बताइएको छ ।

**पटक पटक गर्भपतन गराउँदा स्वास्थ्यमा समस्या :** बजारमा केही स्वास्थ्य संस्थाहरुले अनुमति नलिई असुरक्षित गर्भपतन गराउने र औषधि प्रयोग गर्ने गरेको पाइन्छ । यसले महिलाको स्वास्थ्यमा असर पार्ने धौलागिरि प्रादेशिक अस्पताल बागलुङका प्रमुख डा. किरण तिवारीले जानकारी दिए । कतिपय महिलाले पटक-पटक गर्भपतन गराउने जनाउँदै यसले स्वास्थ्यमा गम्भीर असर पुर्‍याउने उनको भनाइ छ । असुरक्षित गर्भपतन गराउँदा अधिक रक्तस्राब भएर ज्यानसमेत जान सक्ने चिकित्सक बताउँदछन् ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### बाढीका कारण ४० को मृत्यु

(रासस/एएफपी)

**हनोई,** कात्तिक १८/मध्य भियतनाममा कलमेगी चक्रवातका कारण आएको एक हप्ता लामो वर्षा र बाढीका कारण मृत्यु हुनेको सङ्ख्या ४० पुगेको अधिकारीहरूले मंगलबार बताएका छन् । उनीहरुका अनुसार अर्को शक्तिशाली आँधीले पनि यस क्षेत्रमा असर गर्ने पुर्वानुमान गरिएको छ । भारी वर्षाले सडकलाई नहरमा परिणत गरेको छ भने नदीको किनारहरू फुटी केही ऐतिहासिक स्थलहरू डुबानमा परेको जनाइएको छ । २४ घण्टाको अवधिमा १/७ मिटर सम्म वर्षा भई राष्ट्रिय रेकर्ड तोडेको जनाइएको छ । पर्यावरण मन्त्रालयको विपद् व्यवस्थापन एजेन्सीका अनुसार ह्यु, दा नाङ, लाम डोङ र क्वाङ त्रि प्रान्तमा बाढीका कारण छ जनाको मृत्यु भएको छ । राष्ट्रिय मौसम विभागका अनुसार टाइफुन कलमेगीले शुक्रबार बिहानमात्र अवतरण गर्ने र त्यस अघि निरन्तर मौसमी आक्रमण जारी रहने पूर्वानुमानका गरिएको छ । भियतनाममा जुन र सेप्टेम्बरको बिचमा भारी वर्षा हुने गरेको तर वैज्ञानिकहरूले मानव-संचालित जलवायु परिवर्तनको कारण मौसम बारम्बार विनाशकारी बन्दै गएको जनाएका छन् ।

## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,
-पारिवारिक कलह, झै-झगडा हुने गर्छ,
-सामाजिक तथा पारिवारिक वातावरण अशान्त
-कोलाहलपूर्ण हुन्छ,
-सम्पत्तिको नाश र परिवारको बिचल्ली हुन सक्छ,
-सामाजिक र आर्थिक संकट उत्पन्न हुन्छ,
-पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
-सन्ततिहरू कुलतमा फस्न सक्छन्,
-सामाजिक प्रतिष्ठामा आँच आउछ,
जुवातास खेल्नु/खेलाउनु कानून विपरीत भएकोले नखेलौं/नखेलाऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# लुम्बिनीका स्वकीय सचिवको सुविधा रोक्का

**दाङ,** कार्तिक १८/लुम्बिनीका प्रदेश सभा सदस्यले राखेका निजी सचिवको सुविधा रोक्का भएको छ । संघीय अर्थ मन्त्रालयको निर्देशनपछि लुम्बिनीका प्रमुख सचिव बाबुराम अधिकारीले प्रदेशमा पनि मन्त्रीको निजी सचिवालयको संख्या घटाउन र प्रदेश सभा सदस्यको सुविधाका लागि राखिएका स्वकीय सचिव पद हटाउन निर्देशन दिएसँगै स्वकीय सचिवहरुको सुविधा रोकिएको हो ।




प्रदेश सभा सचिवालयले तलब र अन्य सुविधा रोक्का भएको बारे प्रदेश सभा सदस्यहरूलाई जानकारी समेत गराएको छ । जेनजी आन्दोलन पछि बनेको अन्तरिम सरकारले फागुन २१ गते राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख र मन्त्रीहरूले पनि ३ जना मात्रै राख्न पाउने र अन्य प्रदेश सदस्य र राजनीतिक पदाधिकारीहरूको सुविधा खारेज गरिने उल्लेख गरिएको थियो । सैले गरेको निर्णय पछि लुम्बिनीमा गत २ महिना देखि स्वकीयहरूको सेवासुबिधा पाएका छैनन् । संघीय अर्थ मन्त्रालयको निर्देशनअनुसार मन्त्री र प्रदेश सभा सचिवालयलाई दिइएको निर्देशनसँगै मुख्यमन्त्री चेतनारायण आचार्यले पनि आफ्नो सचिवालयबाट ६ जना सल्लाहकार र विज्ञ हटाएका छन् । यसअघि उनको सचिवालय १४ सदस्यीय थियो । मुख्यमन्त्री कार्यालयबाट प्रदेश सभा सदस्यको सिफारिसमा नियुक्त भएका ७१ जना स्वकीय सचिवको तलब रोक्का गरिएको प्रदेश सभा सचिवालयका सचिव दुर्लभकुमार पुनले बताए । ८७ सदस्यीय प्रदेश सभामा अहिले ८६ जना प्रदेश सभा सदस्य छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना

# सम्पादकीय

## आफ्नो जिम्मेवारी नभुल

लामो समय राजनीतिक नेतृत्वले जिम्मेवारीपूर्वक देश हाँक्न नसक्दा र सुशासनको प्रत्याभूति दिन नसक्दा जनतामा व्यापक वितृष्णा जन्मिएको थियो । जसको परिणाम स्वरुप 'जेनजी आन्दोलन' भएको हो । एकै दिनमा राज्यसत्ताको संरचना हल्लाइदिने गरी भएको आन्दोलनले अहिले शुसिला कार्की नेतृत्वको सरकार गठन भएको छ । जसको मुख्य जिम्मेवारी ६ महिना भित्र निर्वाचन गराउनुको साथै भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, उत्तरदायित्व र सुशासन–जनताको गराउनु हो । तर, वर्तमान सरकार सो बाटोमा नलागेर अघिल्लो सरकारले गरेका निर्णहरु फिर्ता लिने गरी धमाधम निर्णय गर्न थालेको छ । अत्यन्त दुखको कुरा हो । ११ देशमा रहेका राजदूत फिर्ता बोलाउने र भूमि समस्या समाधान आयोग खारेज गर्ने सरकारको निर्णय यति बेलो आलोचित मात्रै बनेको छैन् समयमै निर्वाचन हुनेमा शंका उत्पन्न्न गराएको छ ।

निर्वाचनसँग सरोकार नै नभएको र दीर्घकालीन प्रभाव पार्ने निर्णय लिएपछि सर्वोच्च अदालतले सरकारको सीमा स्मरण समेत गराएको छ । राजदूत फिर्ता बोलाउने र भूमि समस्या समाधान आयोग खारेज गर्ने सरकारको निर्णय कार्यान्वयनमा सर्वोच्च अदालतले लगाएको रोकलाई सरकारले सकारात्मक पाठका रूपमा ग्रहण गर्नुपर्छ । त्यस्तो प्रयत्नले मात्रै सरकारका गतिविधिलाई निर्वाचनतर्फ केन्द्रित राख्ने गरी संयम हुने आत्मबल प्राप्त हुन्छ । साथसाथै, विशिष्ट समयमा छोटो अवधिका लागि बनेको सरकार स्वयंअनावश्यक विवादमा पर्ने, राजनीतिक/सामाजिक तनाव सिर्जना हुने र निर्वाचन धकेलिने जोखिमको कारक हुनबाट जोगिनेछ । जनताको सरकार गठन पछि पनि परिस्थिति सही दिशामा नलाग्ने संकेत देखिनु चिन्ताजनक विषय हो । परिवर्तनपछि अपेक्षित स्थिरता, पारदर्शिता र उत्तरदायित्व देखिनुको सट्टा राजनीतिक अवस्था पुनः आत्ममुग्धता र अविश्वासको जालोमा फस्दै गएको छ । सरकार आफैँ जनअपेक्षाअनुसार चल्न सकेको देखिँदैन भने मन्त्रीहरू कता कता हराएको जस्तो देखिन थालेका छन् । सरकार जिम्मेवारीबोधबाट परिचालित हुनुपर्छ । मुख्यतः सार्वजनिक औचित्य स्थापित हुनुपर्छ । सरकारको मूल दायित्वलाई सहयोग पुग्ने सुनिश्चित हुनुपर्छ । जेन–जी आन्दोलनका मागहरू जनताको गहिरो अपेक्षासँग जोडिएका छन् । यसलाई सार्थक रूपमा सम्बोधन गर्नु नयाँ सरकारको पहिलो र अनिवार्य जिम्मेवारी हो । निर्वाचन समयमै सम्पन्न गर्ने, आर्थिक पुनर्निर्माणको बाटो खोल्ने, युवालाई रोजगारी सिर्जना गर्ने, सेवा वितरणमा सुधार ल्याउने जस्ता काम अब ढिलो गर्न पाइने छैन । जेन–जी आन्दोलनले युवाको साहस र जनशक्तिको शक्ति देखाइसकेको छ, त्यसैले असफलतामा जनताको निराशा झन् गहिरो हुन सक्छ । अहिलेकै सरकारका लागि तिनै जेन–जी पुस्ता प्रत्युत्पादक नहोलाभन्न सकिने अवस्था छैन । तसर्थ वर्तमान सरकारले आफ्नो जिम्मेजारीलाई सही ढंगले कार्यान्वयन गर्न जरुरी छ ।

### Opinion @ Social Network

मान्छेमा गुण ३२ होइन बस चार हुनुपर्छ
सुन्दर मन,सफा नियत
सुन्दर व्यवहार र इमान्दार ।

*(कृष्ण थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Krishna.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुशासनको पूर्वशर्त : जीवनशैली परिवर्तन



**प्रा.देवीभक्त ढकाल**

> *राजनीतिज्ञको क्रियाकलाप, जीवनशैली र कार्यशैलीप्रतिको असन्तुष्टिलाई जेन-जी युवाहरूले सालीन तरिकाले विरोध प्रदर्शन गर्दैगर्दा भदौ २३ मा सरकारले निर्मम दमन गऱ्यो । परिणामस्वरूप १९ जना युवाहरूले सहादत पाए । यस्तो दुर्भाग्यपूर्ण घटनाबाट युवाहरूमात्रै होइन सिंगो देश आक्रोसित भयो । परिणामस्वरूप भदौ २४ गते नेपालको इतिहासमा यसअघि नभएको राजनीतिक विष्फोटन भयो । यो अवस्था जेनजीबाट मात्रै सिर्जना भएको हो भनेर यसलाई न्यून मूल्यांकन गर्नु गलत हुनेछ । यो नेपालकै सबैभन्दा ठूलो र अत्यन्तै छोटो समयमा नेपाली युवाको सहभागितामा भएको शक्तिशाली जनविद्रोह हो । अत्यन्तै छोटो अवधिको विद्रोहले संसारकै उत्कृष्ट भनिने प्रजातान्त्रिक सविधान च्यात्यो । तीन दशकदेखि शासनको बागडोरलाई त्र्याधिकार बनाउने ओली, देउवा र दाहाल जेन-जी युवाहरूको आक्रोशको कोपभाजनमा परे ।*

जीवनशैली परिवर्तनका लागि प्रशिक्षण व्यक्ति वा समूहको सोच, व्यवहार र चेतनालाई दीर्घकालीन रूपमा सुधार गर्ने समग्र मानव विकास प्रक्रिया हो । जीवनशैली प्रशिक्षण र परिवर्तनले मानसिक, सामाजिक र नैतिक तथा आध्यात्मिक रूपमा सन्तुलित बनाउने उद्देश्य राख्छ । यसको मूल ध्येय मानव जीवनलाई सुव्यवस्थित र अर्थपूर्ण बनाउने हुन्छ । जसले आत्मानुशासन, आत्मसंयमित र उत्तरदायी नागरिक बनाउँछ । राजनीतिको मुख्य समस्या भनेको नेतृत्वमा सत्यनिष्ठा, नैतिकता, इमानदारी, सैद्धान्तिक निष्ठाको स्खलन साथै प्रतिबद्धताप्रति गैरजवाफदेही आदि हुन् । यसको परिणाम हो भ्रष्टाचार र कुशासन । राजनीतिको मुख्य र एकल गन्तव्य सुशासन हो तर हाम्रा जिम्मेवारहरूले कुशासनलाई सधैं एकल गन्तव्य बनाए । भ्रष्टाचार र त्यसले उत्पादन गरेको कुशासनका कारण र समाधान खोज्न सधैं किन असफल ? राजनीतिज्ञहरूको वास्तविक धन भनेको सत्यनिष्ठा, नैतिकता, इमानदारी आदि हुन् तर व्यवहारमा ठीकविपरीत नैतिकता र इमानदारीलाई लिलाम गरेर जनप्रतिनिधिहरू प्रायः अनियमितता र भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबेका छन् । जनमानसमा भने सुशासनको तीव्र आकांक्षा छ । दुर्भाग्य नेतृत्वमा रहनेहरू कुशासनको उच्च रेकर्ड कसरी स्थापित गर्ने भन्ने तीव्र प्रतिस्पर्धामा छन् । त्यसैले सुशासनलाई हाम्रो राजनीति र राजनेताहरूले व्यवहारमा होइन, फगत नारामा सीमित गरे । हाम्रो नेतृत्व कुशासनप्रति किन आकर्षित, अभ्यस्त र क्रियाशील छ भन्ने आमनेपालीको चिन्ता-चासोलाई सम्बोधन कसले र कहिले गर्ने ? राजनीतिको गन्तव्य सुशासन भन्ने विषय निर्विवादित छ तर जनप्रतिनिधिले अवलम्बन गर्दै आएको गलत जीवनशैली, इमानदारी र नैतिकताको स्खलन मुख्य समस्या हो ।

राजनीतिले भ्रष्टाचार र कुशासन किन उत्पादन गऱ्यो ? कारणको निर्मम खोज र उपचारबिना भाषणले र असन्तुष्टिले मात्रै सुशासन बहाली किमार्थ हुँदैन । राजनीतिज्ञको क्रियाकलाप, जीवनशैली र कार्यशैलीप्रतिको असन्तुष्टिलाई जेन-जी युवाहरूले सालीन तरिकाले विरोध प्रदर्शन गर्दैगर्दा भदौ २३ मा सरकारले निर्मम दमन गऱ्यो । परिणामस्वरूप १९ जना युवाहरूले सहादत पाए । यस्तो दुर्भाग्यपूर्ण घटनाबाट युवाहरूमात्रै होइन सिंगो देश आक्रोसित भयो । परिणामस्वरूप भदौ २४ गते नेपालको इतिहासमा यसअघि नभएको राजनीतिक विष्फोटन भयो । यो अवस्था जेनजीबाट मात्रै सिर्जना भएको हो भनेर यसलाई न्यून मूल्यांकन गर्नु गलत हुनेछ । यो नेपालकै सबैभन्दा ठूलो र अत्यन्तै छोटो समयमा नेपाली युवाको सहभागितामा भएको शक्तिशाली जनविद्रोह हो । अत्यन्तै छोटो अवधिको विद्रोहले संसारकै उत्कृष्ट भनिने प्रजातान्त्रिक संविधान च्यात्यो । शक्तिशाली सरकार गल्र्याम्गुर्लुम ढल्यो । तीन दशकदेखि शासनको बागडोरलाई त्र्याधिकार बनाउने ओली, देउवा र दाहाल जेन-जी युवाहरूको आक्रोशको कोपभाजनमा परे । प्रधानमन्त्री ज्यान जोगाउन भागे । यो अवस्था किन आयो ? कसले ल्यायो ? यस परिस्थितिका लागि नेताहरूको विलासी जीवन, अहंकार, भ्रष्टाचार, नातावाद आदि छन् । अहिलेको असन्तुष्टि र आक्रोशको मुख्य कारण हो । नेपालमा सुशासन व्यवहारमा कहिल्यै अनुवाद नहुने नारामा सीमित छ । सुशासनका नारा र कार्यक्रम जनताको विश्वास जित्न सधैं पूर्णतः असफल देखिए । किनकि भ्रष्टाचार गर्ने र धनको थुप्रो जम्मा गर्ने उद्देश्यले राजनीति गर्नेहरूबाट भ्रष्टाचारप्रति शून्य सहनशीलता र सुशासनको अपेक्षा गऱ्यौं । समस्या संविधान र कानुनमा भन्दा मानवस्वभाव र जीवनशैलीमा छ । भ्रष्टाचारलाई कानुनी अपराधको रूपमा व्याख्या गर्छौं । तसर्थ नेपालमा व्याप्त भ्रष्टाचार र अनियमितताको कारण खोज्नुपर्छ । भ्रष्टाचारले अहिले पूरै देश र समाज संक्रमित छ । घरघरमा सिंहदरबारको नाराले जनजनमा भ्रष्टाचार कसरी र कहाँबाट गर्ने भावना र चाहना नेपाली राजनीतिमा विशेषतः २०७२ को संविधानले बीजारोपण गरेको छ । तसर्थ वडाध्यक्षदेखि प्रधानमन्त्रीसम्मले जिम्मेवारलाई भ्रष्टाचार र अनियमितताको अवसर प्राप्त गरेको अनुभूति गर्छन् । घरघरमा सिंहदरबारको नाराले जनजनमा भ्रष्टाचार कहाँबाट र कसरी गर्ने स्वभाव र संस्कृतिको बीजारोपणकै परिणाम हो । २०८२ भदौ २४ को नेपालकै इतिहासमा अभूतपूर्व जनधनको क्षति भएको जनविद्रोह । नेतृत्वमा हुनेहरूबाट भएको अनियमितता, भ्रष्टाचार, दुर्व्यसन, हेपाहा, चेपाहा प्रवृत्ति, अहंकार, विलासी जीवन र सत्तालाई ओली, दाहाल र देउवाले दशकौंदेखि एकलौटी रूपमा कब्जा गर्दै आएको राज्यसत्ताप्रतिको चरम असन्तुष्टिको विष्फोटन हो । जनअसन्तुष्टि साथै बारम्बार हुने आन्दोलन र हालसालैको जनविद्रोहको मुख्य कारण नै नेतृत्वमा रहनेहरू र तिनका अनुयायीको भ्रष्ट र दुर्व्यसनमा चुर्लुम्म डुब्ने जीवनशैली हो । विगतका आन्दोलन र सरकारहरूको परिवर्तनले पनि सुशासन कायम गर्न असफल हो । आजको जनविद्रोहले भिन्न शैली खोजेको छ । अबको जनविद्रोहपछि सम्पन्न निर्वाचन नै समाधान हो यदि भन्यौं भने त्यो समाधान नभएर अर्को जनविद्रोहको कारण हुनसक्छ । त्यसैले अब निर्वाचनपछि केही छुट्टै अवस्था र परिस्थितिका माध्यमले हामीले अनियमितता र भ्रष्टाचारको उपचार खोज्नैपर्छ । जनचाहना भ्रष्टाचारमुक्त राज्यव्यवस्था छ । जिम्मेवारहरूको भावना र चाहना भ्रष्टाचारयुक्त शासन व्यवस्थाको निरन्तरता छ । यी दुई वहरूबीचको द्वन्द्वको उपज हो २०८२ भदौ २४ । फेरि अर्को जनविद्रोहको तयारीमा राज्यव्यवस्थालाई अग्रसर गराउने कि सम्भाव्य समाधानका उपायलाई सशक्त कार्यान्वयन गरेर परिस्थितिलाई शुद्धीकरण गर्ने ? यी दुईमध्ये एक रोज्नुपर्ने दोबाटोमा नेपालको राजनीतिक परिस्थिति छ । सुधारका लागि गरेका पटक-पटकका प्रयासहरूको नतिजा नकारात्मक हुँदा सुन्छ भन्ने विश्वास पनि कमजोर छ । जनविद्रोहले समेत परिस्थिति सुन्छ र सुशासन बहाली हुन्छ भन्ने आमजनतामा विश्वास नहुँदा निर्वाचनमा मतदानसम्म गर्न किन जाने भन्ने आमनागरिकको मानसिकताका बीच हुने निर्वाचनले के निकास देला ? पुराना पार्टीहरूले प्रायः सबै जनतालाई आ-आफ्नो पार्टीमा आबद्ध गरेका छन् । पार्टी सम्बद्ध जनताले उम्मेदवार नहेर्ने पार्टी हेर्ने रोगका कारण नयाँ पार्टीहरू शासनको जिम्मेवारीमा आउने झिनो सम्भावना देखिन्छ । २०८२ फागुन २१ ले तात्विक परिवर्तन गर्छ नै भन्ने विषयमा जनता विश्वस्त छैनन् । निराशाबीच अब आशा जागृत गर्नुको अर्को विकल्प छैन । मानिस आफैंमा खराब हुँदैन । हाम्रो मुख्य समस्या कुविचारको बीजारोपण गर्ने गलत र दुर्व्यसनमा डुबेको जीवनशैली हो । तसर्थ हाम्रो राजनीतिक समस्या निर्वाचन, संविधान र कानुनले मात्रै समाधान हुने विषय नभएको कुरा हाम्रो अनुभवजन्य तथ्यले प्रमाणित भएका विषय हुन् । देशको परिस्थिति अहिले जति नाजुक विगतमा कहिल्यै थिएन । अब अझै धसिने र गृहयुद्धमा जाने वा अब सप्रने चरणमा प्रवेश गरेर नेपालीको सुन्दर भाग्य र भविष्य कोर्ने दोसाँधमा देश र परिस्थिति भएको हुनाले हामीले अन्तिमसम्म परिस्थितिलाई शुद्धीकरण गर्ने प्रयास जारी राख्नु नै पर्ने हुन्छ । किनकि देश र देशवासीको भविष्य त परिस्थितिलाई सुधार गर्दामात्रै सुनिश्चित हुन्छ । देश र समाजको अनिश्चित भविष्यलाई चिर्नु एकमात्र उद्देश्य हुनुपर्छ । निर्वाचन घोषणा भएको छ । निर्वाचनबाहेकका विकल्पमा हामी गयौं भने त्यसले देशको अस्तित्व मेटिनसक्ने र देश गृहयुद्धको भासमा जाकिन सक्ने हुँदा निर्वाचन निकासको निर्विकल्प बाटो हो । फगत निर्वाचनमात्रै किमार्थ निकास भने होइन । तसर्थ निर्वाचनपछि निर्वाचित सांसदहरू सबैलाई हामीले जीवनशैली सुधारका माध्यमले दुर्व्यसनले ग्रस्त जनप्रतिनिधिहरूको मनस्थितिलाई परिवर्तन गर्ने मनोपरामर्श र प्रशिक्षणको व्यवस्था मात्रैले पनि सुधारका सम्भावना खोज्न सकिन्छ । यस्तो भावना जागरण गर्ने विशेष शक्ति सांसदहरूले प्राप्त गर्ने सम्भावनालाई किन सदुपयोग नगर्ने ?

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : साहसिक कार्य गर्ने समय रहेको छ। न्यायिक मामलाहरूमा सफलता मिल्नेछ। | **तुला** : नयाँ कार्यको रूपरेखा बन्नेछ। सहकारी संस्थाबाट लाभ उठाउन सकिनेछ। |
| **वृष** : आफन्तहरूबाट सहयोग पाइनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ। | **वृश्चिक** : मतभेदको सम्भावना रहेको छ। परोपकारी कार्यतर्फ अग्रसर भइनेछ। |
| **मिथुन** : नयाँ कार्यतर्फ अग्रसर भइनेछ। धन आर्जनका योजनाहरू अगाडी बढ्नेछन्। | **धनु** : धर्मकर्ममा मन लाग्नेछ । प्राप्त भएको सफलताले थप हौसला जगाउनेछ। |
| **कर्कट** : अनावश्यक कार्यमा सहभागी जानइनेछ।कमजोर भएको अनुभूति हुनेछ। | **मकर** : राजनीतिक क्षेत्रमा गरेको कामको चर्चा हुनेछ। सहयोगले अड्केको कार्य बन्नेछ। |
| **सिंह** : आलस्यले गर्दा बनिरहेको कार्यमा बाधा आउनेछ। साहित्यमा सफलता मिल्नेछ। | **कुम्भ** : अधिकार जोगाउन सफल भइनेछ। मेहनतले सजिलै लक्ष्यमा पुग्न सकिनेछ। |
| **कन्या** : प्रतियोगी परीक्षामा सफलता मिल्नेछ।ऋण फिर्ता लिने समय रहेको छ। | **मिन** : अरुका लागि बुद्धि र धन खर्च गर्नुपर्ला। स्थानको प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। |

कला मनोरञ्जन

# अशोक दर्जीको कथा: सडकबाट उदाएर फिल्मी पर्दामा




*आर्थिक अवस्था नाजुक रहेको उनको परिवारले दैनिक उपभोग्य सामग्री जोहो गर्न पनि धौधौ गर्नुपरेको थियो । कक्षा २ मा पढ्दा पढ्दै छोडेर उनी भुटानी शरणार्थी शिविर बेलडाँगी, दमक पुगे । र त्यहीँबाट गीत गाउन थाले, पैसा कमाउन थाले । सडकमा गाउँदै, पैसा माग्दै गरेको उनको भिडियो पहिलो पटक एक युट्युबरले अपलोड गरेपछि उनी रातारात भाइरल बने । गीत बजारमा आएपछि उनको चर्चा यति चुलियो कि उनको व्यापक खोजी हुन थाल्यो, सबैतिरबाट उनलाई सहयोग आउन थाल्यो । सुरुमा उर्लाबारी-७ को बेथेल एजुकेसन एकाडेमीमा अध्ययन गरेका उनलाई संगीतकार बुढाथोकीले संरक्षण लिएर काठमाडौँमा पढाउन थाले ।*

करिब सात वर्ष पहिले 'मनबिनाको धन' गीतबाट रातारात चर्चाको शिखरमा पुगेका बालगायक अशोक दर्जी आफ्नो परिचय फराकिलो पार्दै छन्, अर्थात् गायकबाट नायक हुँदै छन् । कात्तिक २१ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'मनबिनाको धन'बाट अशोकले अभिनयमा डेब्यु गर्ने भएका हुन्, जुन उनको लागि एक अनपेक्षित तर सुन्दर यात्रा हो । फिल्म यात्रा 'लक' तथा 'एक्कासि आएको सरप्राइज' बताउने उनी आफ्नै कहानीको हिरो भएका छन्, सँगै दंग छन् । जब पहिलो पटक घरमा फिल्मको कुरा सुरु भयो, उनलाई विश्वास लागेको थिएन कि फिल्म साँच्चिकै बन्छ र उनी त्यसको नायक हुनेछन् । दाइ (निर्देशक टंक बुढाथोकी'ले पहिलो पटक फिल्मको कुरा गर्दा आफूले मात्र नभई परिवारका कसैले पनि विश्वास नगरेको बताए । 'दाइबाट एक्कासि एउटा सरप्राइजका रूपमा फिल्म बनाउने कुरा आएको थियो,' अशोक भन्छन्, 'सुरुमा फिल्मको कुरा हुँदा मलाई ट्रस्ट (विश्वास) लागेको थिएन फिल्म बन्छ भनेर ।' म्युजिक क्षेत्रमा काम गरिरहेका दाइले फिल्म बनाउन सक्नुहुन्छ भन्ने घरका कसैलाई विश्वास नलागेको अशोक सुनाउँछन् । 'दाइले प्रुफ गरेर देखाउनुभयो कि एउटा सडकको बालकलाई लिएर फिल्म बनाउन सकिन्छ भनेर,' उनी थप्छन्, 'आफ्नै कहानीको हिरो बन्न पाएको छु, एकदमै खुसी छु ।'

गायनबाट एक्कासि अभिनयमा प्रवेश गर्दा भने उनलाई निकै गाह्रो भयो । 'अभिनय गर्न म सक्छु भन्ने थियो, तर सुरुमा अभिनय भनेजस्तो भएन,' अभिनयबारअशोक भन्छन्, 'अभिनयका लागि प्रशिक्षण चाहिन्छ भन्दै कान्तिपुर एकेडेमीमा क्लास लिएँ ।' अभिनय प्रशिक्षणछि भने आफूलाई निकै सहज लागेको उनी बताउँछन् । 'मनबिनाको धन' अशोकै बायोग्राफी हो, त्यसैले 'कथा जिरोदेखि हिरोसम्म' ट्यागलाइन फिल्मले राखेको छ । फिल्ममा उनले सरोज खनाल, सन्तोष पन्त, रमा थपलिया, नीता ढुंगाना, भोलाराज सापकोटा, बुद्धि तामाङ, रवीन्द्र झाजस्ता राम्रा कलाकारसँग काम गर्न पाएका छन् । सानैमा टीभीमा देखेका कलाकारसँग काम गर्न पाउनु आफैँमा ठुलो उपलब्धि भएको उनलाई लागेको छ । फिल्मले आफ्ना कथा उठाए पनि फिल्म भने कर्मसियल बनेको उनको दाबी छ । गीत गाएर भाइरल भएपछि उनलाई पनि अभिनयक गर्ने इच्छा जागेर आयो, यसबारे त्यसबेला नै आफूले अन्तर्वार्तामा फिल्म खेल्ने बताएको उनले खुलाए । सन् २०१८ मा सामाजिक सञ्जालमा भाइरल बनेका थिए अशोक । आर्थिक अवस्था नाजुक रहेको उनको परिवारले दैनिक उपभोग्य सामग्री जोहो गर्न पनि धौधौ गर्नुपरेको थियो । कक्षा २ मा पढ्दा पढ्दै छोडेर उनी भुटानी शरणार्थी शिविर बेलडाँगी, दमक पुगे । र त्यहीँबाट गीत गाउन थाले, पैसा कमाउन थाले । सडकमा गाउँदै, पैसा माग्दै गरेको उनको भिडियो पहिलो पटक एक युट्युबरले अपलोड गरेपछि उनी रातारात भाइरल बने । त्यसपछि डिजे रुपेशले उनलाई काठमाडौँ ल्याएर संगीतकार टंक बुढाथोकीसँग भेट गराए, बुढाथोकीले नै उनलाई पहिलो गीत 'मनबिनाको धन ठुलो, कि धन बिनाको मन' गाउन लगाएका थिए । गीत बजारमा आएपछि उनको चर्चा यति चुलियो कि उनको व्यापक खोजी हुन थाल्यो, सबैतिरबाट उनलाई सहयोग आउन थाल्यो । सुरुमा उर्लाबारी-७ को बेथेल एजुकेसन एकाडेमीमा अध्ययन गरेका उनलाई संगीतकार बुढाथोकीले संरक्षण लिएर काठमाडौँमा पढाउन थाले । अहिले कक्षा ८ मा अध्ययन गरिरहेका अशोकका जम्मा सात वटा गीत बजारमा आइसकेका छन् । अशोकले पढाइमा पनि उत्तिकै ध्यान दिइरहेका छन् । उनको यो फिल्म छायांकन हुँदा परीक्षा चलिरहेको थियो । पहिले परीक्षा दिएर उनले त्यसपछि फिल्ममा काम गरेका थिए । पढाइमा उनको मनपर्ने विषय अंग्रेजी हो, गणित भने उनलाई एकदमै 'अप्ठ्यारो' लाग्छ रे । पढाइबाहेक, अशोक गेममा पनि रुचि राख्छन् । 'मैले पढाइमा कहिल्यै मेडल ल्याइनँ, गेमहरूमा चाहिँ सधैँ फर्स्टै हो,' रुचि सुनाउछन्, 'फुटबलमा मेरो गहिरो रुचि छ ।' उनी आफू स्कुलको 'स्टार खेलाडी' भनेर चिनाउँछन् ।

फिल्म हेर्न पनि उत्तिकै मन पराउँछन् अशोक । 'यो फिल्म निर्माण अगाडिसम्म म दिनमा दुईटा मुभी हेर्थें,' उनी भन्छन्, 'आफूलाई मोटिभेट गर्न र अभिनय सिक्न ।' हिन्दी, अंग्रेजी, नेपालीलगायत सबै भाषाका फिल्महरू हेर्न रुचाउने उनी आफूलाई एक्सन, कमेडी, र रुने टाइपका फिल्महरू मन पर्ने बताउँछन् । भविष्यमा अशोक संगीत क्षेत्र र अभिनयलाई सँगै लैजाने सोचमा छन् । कारण खोल्छन्, 'संगीत मेरो नसामा छ, एक्टिङ सपना पनि हो ।' देशका लागि सधैँ राम्रो काम गर्ने लक्ष्य राखेका उनी भविष्यको योजना भने बनाउन बाँकी रहेको बताउँछन् ।

*-रातोपाटी डटकम*

# दशैं–तिहारका फिल्मको व्यापार

| चलचित्र (Movie) | बिक्रि भएका टिकट संख्या (Actual Tickets) | आर्थिक आम्दानी (Actual Gross Revenue) |
|---|---|---|
| बलिदान (Balidan) | १,७१,०६३ | ५,१०,३४,८०२.४१ |
| हरि बहादुरको जुत्ता (Hari Bahadurko Jutta) | १,४९,२३७ | ४,७१,३७,६८७.६८ |
| माईतीघर (Maitighar) | १,४३,७१२ | ४,१५,५१,८८८.१६ |
| जेरि अन टप (Jerry On Top) | ३,३३,६०५ | १०,५१,४८,८०३.२० |
| बरिष्ठ बलराम (Barishtha Balaram) | ८२,११७ | २,४८,३०,४८८.८५ |
| मैझारो (Maijharo) | ३३,९४२ | १,००,९५,३०९.३८ |
| सोल्टिनी (Soltinee) | ८,८०४ | २८,८०,१५६.९८ |

चलचित्र विकास बोर्डले सिनेपा:@बक्सअफिस एपमा प्राप्त रिपोर्ट हरेक हप्ताको सोमबार सार्वजनिक गर्दै जानेछ।

सपालिको दशैं र तिहारमा प्रदर्शन भएका सात फिल्मले घरेलु बक्स अफिसमा गरेको व्यापार सार्वजनिक भएको छ । चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको कात्तिक १५ गतेसम्मको तथ्यांकमा सबैभन्दा धेरै कमाइ फिल्म 'जेरी अन टप'ले गरेको देखिन्छ । यसले ३ लाख ३३ हजार ६०५ वटा टिकट बिक्री गर्दै १० करोड ५१ लाख ४८ हजार कमाएको छ । 'जेरी अन टप'पछि दोस्रो धेरै कमाइ दशैंको फिल्म 'बलिदान'ले गरेको छ । ५ करोड १० लाख ३४ हजारको व्यापार गरेको यो फिल्मको १ लाख ७१ हजार ६३ वटा टिकट बिक्री भएको बोर्डको तथ्यांकमा देखिन्छ । दशैंमा नै रिलिज भएको 'हरिबहादुरको जुत्ता' ४ करोड ७१ लाख ३७ हजार कमाउँदै तेस्रो स्थानमा छ । यसको १ लाख ४९ हजार २६७ वटा टिकट बिक्री भएको छ । त्यस्तै, दशैंमा आएको 'माइतीघर'ले कमाइमा चौथो स्थान ओगटेको छ । यसको १ लाख ४३ हजार ७१२ वटा टिकट बिक्री हुँदा ४ करोड १५ लाख ५१ कमाइ भएको छ । भाइटीकाको दिन रिलिज भएको फिल्म 'वरिष्ठ बलराम' कमाइमा पाँचौं स्थानमा छ । बोर्डको तथ्यांक अनुसार यो फिल्मले गत शनिबारसम्म २ करोड ४८ लाख ३० हजार रुपैयाँ आम्दानी गरेको छ । भाइटीकाको भोलिपल्ट रिलिज भएको 'मैझारो' कमाइको मामलामा छैटौं स्थानमा देखिएको छ । यसले १ करोड ९५ हजार कमाएको छ । सात फिल्ममध्ये सबैभन्दा न्यून कमाइ भाइटीकाको दिनदेखि प्रदर्शनमा आएको फिल्म 'सोल्टिनी'को छ, जसले ३० लाख पनि कमाउन सकेको छैन । यसले गत शनिबारसम्म जम्मा २८ लाख ८० हजार कमाइ गरेको छ । अघिल्लो दशैं र तिहारमा नेपाली फिल्मले झन्डै ९० करोडको व्यापार गरेका थिए । तर, यसपालि त्यसको आधाभन्दा पनि कम व्यापार भएको छ । सात फिल्मले एक महिनाको अन्तरालमा लगभग २९ करोड कमाएका छन् । यो व्यापारलाई उत्साहजनक नै मान्न सकिन्छ । किनभने, जेनजी आन्दोलनपछिको विषम परिस्थिति र बाढोपहिरोको प्रकोपबीच यो आम्दानी भएको हो । *-फिल्मी खबर डटकम*

# नेटफ्लिक्स र यशराजबीच साझेदारी




नेटफ्लिक्स र यशराज फिल्म्सले विश्वभरका दर्शकलाई प्रतिष्ठित बलिउड फिल्म देखाउने कार्यका लागि साझेदारीको घोषणा गरेका छन् । शनिबारदेखि दर्शकले नेटफ्लिक्समा यशराज फिल्म्सले निर्माण गरेका फिल्म हेर्न पाएका छन् । यो साझेदारीले विशेष अवसर, चाडपर्व र फिल्मका विशेष क्षणमा रिलिज हुने यशराजका फिल्मको लाइनअपमा दर्शकलाई पहुँच दिन्छ । योसँगै दर्शकले आफूलाई मनपर्ने फिल्म घरमै बसेर हेर्ने मौका पाएका छन् । बलिउडका राजा मानिने अभिनेता शाहरुख खानको जन्मदिनको अवसरमा आइतबार दिलवाले दुल्हनिया ले जायेंगे, मोहब्बतें, दिल तो पागल है, वीरजारा, र चक दे इन्डियासहित उनका ९ अविस्मरणीय फिल्म नोभेम्बर १ मा उनको जन्मदिनको सप्ताहन्तमा रिलिज भएका छन् । त्यस्तै, सलमान खानका तीन ब्लकबस्टर फिल्महरू, एक था टाइगर, सुल्तान र टाइगर जिन्दा है, डिसेम्बर २७ मा सुपरस्टारको जन्मदिनको सम्झनामा स्ट्रिमिङ हुनेछन् । नोभेम्बर १४ देखि, यशराज फिल्म्सका क्लासिक हिट फिल्महरू, जस्तै चाँदनी, कभी कभी, विजय, लम्हे र सिलसिला रिलिज हुनेछन् । कालातीत सिनेम्याटिक अनुभव खोज्ने दर्शकका लागि उपलब्ध हुनेछन् । डिसेम्बर ५ मा अभिनेता रणवीर सिंह स्टारर फिल्महरू आउनेछन् । जस्तै, ब्यान्ड बाजा बारात, लेडीज भर्सेस रिकी बहल, किल दिल, बेफिक्रे र गुन्डे छन् । तपाईंको उत्सवको मूडका लागि उपयुक्त फिल्महरू बंटी और बबली, हम तुम, थोडा प्यार थोरै म्याजिक, मुझे दोस्ती करोगे र ता रा रम पम लगायत ३४ वटा चलचित्र छुट्टीको मौसममा स्ट्रिम हुनेछन्, । डिसेम्बर १२ देखि २८ सम्म दैनिक दुई चलचित्र प्रिमियर हुनेछन् । यो उत्सव सन् २०२६ सम्म चल्नेछ । फेब्रुअरी ७ देखि साथिया, इशकजादे, बचना ए हसीनो र सलाम नमस्ते सहित आठ प्रेम कथा रिलिज हुनेछन् । भ्यालेन्टाइन सप्ताहको संग्रह दर्शकलाई प्रेमको मौसममा आनन्द लिनको लागि रिलिज गरिनेछ । फ्यानहरूले यशराजका ब्लकबस्टर फ्रान्चाइजीहरू, जस्तै धूम ट्रियोलजी (नोभेम्बर २८ बाट स्ट्रिमिङ) र मर्दानी श्रृंखला (जनवरी २२, २०२६) को पनि प्रतीक्षा गर्न सक्छन् । यशराज फिल्म्सको स्थायी विरासत र नेटफ्लिक्ससँग यसको नयाँ अध्यायलाई प्रतिबिम्बित गर्दै कम्पनीका सीईओ अक्षय विधानीले भने, '५० वर्षभन्दा बढी समयदेखि, यशराज फिल्म्सले आफ्ना प्रतिष्ठित कथामार्फत भारतीय सिनेमाको फदय र आत्मालाई आकार दिन मद्दत गर्ने भूमिका खेलेको छ ।' 'यो उल्लेखनीय सिनेमाको विरासतलाई नेटफ्लिक्समा ल्याउँदा संसारले भारत र भारतीय सिनेमाको रंग, संगीत र जादू अनुभव गर्न पाउँछ जुन वाइआरएफले सधैं मनाउँदै आएको छ' उनले भने, 'यी चलचित्रले सपनाहरू परिभाषित गरेका छन्, पुस्ताहरूलाई प्रेरित गरेका छन् र भारतीय कथावाचनको मुटुको धड्कन संसारमा पुऱ्याएका छन् र हामी नेटफ्लिक्समा उनीहरूको घर भएकोमा गर्व गर्छौं ।' उनले अघि भने, 'हाम्रो लाइब्रेरी केवल प्रतिष्ठित चलचित्रको संग्रह मात्र होइन, यो ५ दशकको संस्कृति, रचनात्मकता र जोशको प्रवेशद्वार हो । हामी उत्साहित छौं कि यो विरासतले अब नयाँ दर्शक फेला पार्नेछ र नेटफ्लिक्समा विश्वव्यापी रूपमा नयाँ पुस्तासँग कुरा गर्नेछ ।' नेटफ्लिक्स इन्डियाकी कन्टेन्ट उपाध्यक्ष मोनिका शेरगिलले भनिन्, 'यो साझेदारी नेटफ्लिक्समा भारतीय सिनेमाको लागि एउटा कोसेढुङ्गा हो । लगभग एक दशकदेखि, हामी विश्वभरका दर्शकलाई खुसी पार्दै भारत उत्कृष्ट कथाको घर भएकोमा गर्व गरिरहेका छौं ।'

*-अनलाइन खबर डटकम*

# तानसेन -३ मा पनि जेष्ठ नागरिक संघ गठन



**पाल्पा,** कार्तिक १८/जिल्लाको तानसेन नगरपालिका -३ मा पनि जेष्ठ नागरिक संघ गठन भएको छ । संघको प्रथम भेलाले वडामा संघ गठन गरेको हो ।

जसको अध्यक्षमा मानबहादुर नेपाली, उपाध्यक्षमा सीता श्रेष्ठ, सचिवमा राजेन्द्र अधिकारी, कोषाध्यक्षमा चन्द्र लक्ष्मी श्रेष्ठ सर्वसम्मत रुपमा चयन भएका छन् । संघको सदस्यहरुमा सुनिल थापा क्षेत्री, गोपाल राज शाक्य, लाल चन्द्र शाक्य, विजय लक्ष्मी बैजु, सरस्वती भट्टराई, लक्ष्मी नेपाल र सरस्वती भट्टराई रहेका छन् । यस्तै सल्लाहकारमा त्रिरत्नलाल शाक्य, शुसिला श्रेष्ठ, मनमोहन श्रेष्ठ, अच्युतराज शर्मा र सोमप्रसाद पौडेल रहेका छन् । भेलाको जेष्ठ नागरिक संघ पाल्पाका सभापति देवराज ढकालले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि समेत रहेका ढकालले २०६९ सालमा स्थापना भएको संघले जिल्लामा जेष्ठ नागरिकहरुको हकहित र अधिकारका विषयमा सक्रिय भएर काम गर्दै आएको बताए । उनले संघलाई थप बलियो र सबै जेष्ठ नागरिकलाई समाहित गर्ने उद्देश्यले जिल्लाका १० वटै स्थानीय तहमा वडा तहबाट समिति गठन गर्ने कार्यलाई तिव्रता दिएको उल्लेख गरे । सभापति ढकालले हालसम्म रामपुर नगरपालिकाका सबै वडा र तानसेनका केही वडाहरुमा संघ गठन भइसकेको भन्दै छिट्टै नै सबै पालिका र वडा तहमा संघ गठन हुने बताए । उनले भने "उमेर ढल्कदै जाँदा जेष्ठ नागरिक सबैबाट अपहेलित हुँदै जाने गरेका छन् । उनीहरुलाई समाजमा सम्मानजनक रुपमा बाँच्ने वातावरण बनाउन हामी लागि परेका छौं । अब सबै वडा वडामा संघ गठन गरेर जेष्ठ नागरिकलाई एकत्रित गर्ने छौं ।" तानसेन - ३ का वडा अध्यक्ष बाबुरत्न शाक्यले संघले वडा कार्यालयसँग समन्वय गरेर समिति गठन गरेकोमा धन्यवाद दिर्दै भोलीका दिनमा वडाबाट आवश्यक सहयोग गर्ने र संघसँग सहकार्य गरेर अगाडि बढ्ने बताए ।

कार्यक्रममा यादवराज शर्मा, सुशिला श्रेष्ठ, त्रिरत्नलाल शाक्य लगायतले जेष्ठ नागरिकहरुको समस्याप्रति ध्यान दिन संघलाई आग्रह गरे । वडा अध्यक्ष बाबुरत्न शाक्यको अध्यक्षता, वडा सदस्य लक्ष्मी पाण्डेको स्वागत, वडा सचिव मिरा क्षेत्रीको सञ्चालनमा कार्यक्रम भएको थियो । यस अघि तानसेन नगरपालिका - ६ मा संघ गठन भएको थियो ।

# सहकारीद्वारा मकैको पीठो बजारीकरण



**गुल्मी,** कात्तिक १८/यहाँको मुसिकोट नगरपालिकामा सहकारीमार्फत मकैको पीठो ब्रान्डिङ गरेर बजारीकरण गरिएको छ । मुसिकोट नगरपालिका-३ स्थित साना किसान कृषि सहकारी संस्थाले बडागाउँ फेदीमा स्थापना गरेको खाद्य प्रशोधन उद्योगबाट मकैको पीठो उत्पादन गरिएको हो ।

बजारमा मकैको पीठोको माग बढ्न थालेको साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष हरि छन्तेलले बताए । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाइ गुल्मीले उद्योगका लागि केही उपकरण अनुदानमा सहयोग गरेको छ । उद्योगका लागि नगरपालिका र कृषि ज्ञान केन्द्रबाट रु ७३ लाख र साना किसान सहकारी संस्थाबाट रु १६ लाख ५० हजार सहयोग उपलब्ध गराएको थियो । उक्त रकमबाट उद्योगको भवन निर्माणदेखि पीठो बजारीकरणसम्म करिब ९० लाख लागेको सहकारी संस्थाका अध्यक्ष छन्त्यालले जानकारी दिए । साना किसान सहकारीले किसानहरुको मकै प्रतिपाथी रु २०० मा खरिद गरी प्रशोधन, लेबलिङ र प्याकेजिङ गरेर बजारमा पुऱ्याउने गरेको छ । हाल पीठो प्रतिकिलो रु १३० मा बिक्री भइरहेको छ । सहकारीले २५ किलोको बोरामा पनि पीठो प्याकेजिङ गरेको छ । सहकारीले यस वर्ष ३५ टन मकैको पीठो बिक्री गर्ने लक्ष्य लिएको सहकारी संस्थाका व्यवस्थापक विवेक पेमीले जानकारी दिए । करिब ३०० किसान सहकारीमा आबद्ध छन् । ***---रासस***

## खेलकुद समाचार

# भारतको महिला क्रिकेट नयाँ अध्याय



**काठमाडौं,** कात्तिक १८/भारतले पहिलोपटक महिला क्रिकेट विश्वकप जित्दै देशमा महिला खेलको नयाँ अध्याय सुरु गरेको छ । कप्तान हरमनप्रीत कौरले दक्षिण अफ्रिकाविरुद्धको फाइनलमा निर्णायक क्याच समात्दै दशौँ दशकदेखिको प्रतीक्षा समाप्त गरिन् । यो जितले न केवल भारतको सपना पूरा गऱ्यो, बरु महिला क्रिकेटमा अस्ट्रेलियाको एकाधिकारलाई चुनौती दिने नयाँ युगको सुरुवात पनि गऱ्यो। भारत पुरुष क्रिकेटमा वर्षौंदेखि शक्तिशाली राष्ट्र रहँदै आएको भए पनि महिला टोलीले विश्व उपाधि जित्न पहिलोपटक सफल भएको हो । भारतले पहिलो विश्वकप १९७८ मा आयोजना गरेर सहभागिता जनाएको थियो। त्यसपछि २००५ र २०१७ मा फाइनल पुगेको थियो जहाँ पहिलोपटक अस्ट्रेलिया र दोस्रो पटक इंग्ल्यान्डसँग पराजित हुँदै उपाधि भने जित्न सकेन । २०१७ को विश्वकपमा हरमनप्रीत कौरले अस्ट्रेलियाविरुद्ध अविजित १७१ रनको ऐतिहासिक पारी खेल्दै विश्व क्रिकेटमा सनसनी मच्चाएकी थिइन्। तर त्यस वर्षको फाइनलमा नौ रनले हार्दा टोली निकै निराश भएको उनले सम्झिइन् । 'हरेक हारपछि हामी केही दिन मौन रहन्थ्यौं, तर फर्किएपछि फेरि नयाँ सुरुवात गर्ने निर्णय गर्थ्यौं' कौरले विश्वकप जितपछि भनिन्। पूर्व इंग्ल्यान्ड कप्तान तथा कमेन्टेटर नासिर हुसैनले भने, 'भारतमा महिला क्रिकेट पहिले नै बढ्दो अवस्थामा थियो। यो जितले त्यसलाई अर्को स्तरमा पुऱ्याएको छ ।' २०२२ को विश्वकपमा समूह चरण पार गर्न असफल भएपछि भारतीय क्रिकेट बोर्डले महिला क्रिकेटमा ठूलो लगानी गर्न थालेको थियो । त्यसको नतिजा स्वरूप महिला प्रिमियर लिग (डब्लुपीएल) २०२३ मा सुरु भयो । तीन सिजनपछि यही लिगबाट उदाएका केही खेलाडीहरू विश्वकप जित्न महत्वपूर्ण बने । जस्तै, मध्यम गतिका बलर क्रान्ति गौड (८ खेलमा ९ विकेट) र बायाँ हाते स्पिनर श्री चारणी (९ खेलमा १४ विकेट) दुवैले २०२५ मा अन्तर्राष्ट्रिय क्रिकेटमा डेब्यू गरेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से २५ सय विन्दुमा झऱ्यो



**पाल्पा,** कार्तिक १८/साताको तेस्रो सेयर कारोबार दिन मंगलबार सेयर बजार दोहोरो अंकले घटेर बन्द भएको छ । अघिल्लो दिन सोमबार ८ दशमलव २४ अंकले घटेको नेप्से परिसूचक २७ दशमलव ६४ अंकले घटेर २ हजार ५ सय ९५ दशमलव २४ विन्दुमा झरेको हो ।

सो अवधिमा ३ सय २२ कम्पनीको एक करोड तीन लाख ४३ हजार ८ सय ९८ कित्ता शेयर ४६ हजार ८ सय ७५ पटक खरिदबिक्री हुँदा पाँच अर्ब १५ करोड सात लाख ६८ हजार ९ सय ३८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ६६, विकास बङ्क एक दशमलव ४७, वित्त दुई दशमलव २१, होटल तथा पर्यटन शून्य दशमलव ९३, जलविद्युत् एक दशमलव २१ र लगानी समूह शून्य दशमलव ८७ प्रतिशतले घटेको छ । त्यसैगरी जीवन बीमा एक दशमलव ४४, उत्पादन तथा प्रशोधन शून्य दशमलव ९१, लघुवित्त शून्य दशमलव ७५, म्युचुअल फन्ड शून्य दशमलव ३१, निर्जीवन बीमा एक दशमलव २१, व्यापार शून्य दशमलव ११ र अन्य समूह एक दशमलव ८१ प्रतिशतले घटेको छ । एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको सबैभन्दा धेरै रु २७ करोड ९८ हजार ५७२ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सिङ्गटी हाइड्रो इनर्जी लिमिटेडको छ लाख ९ सय ९९ कित्ता शेयर किनबेच भएको छ । माबिलुङ इनर्जी लिमिटेडको सेयर यसदिन सर्वाधिक ९ दशमलव ९८ प्रतिशतले बढ्यो । फ्रस्ट माइक्रो फाइनान्स लघुवित्त वित्तीय संस्थाको सेयर ९ दशमलव २० प्रतिशतले बढ्दा बिन्ध्याबासिनी हाइड्रोपावर डेभलपमेन्टको ६ दशमलव ३८ प्रतिशतले बढ्यो । यसदिन मुक्तिनाथ कृषि कम्पनीका लगानीकर्ताले भने सर्वाधिक गुमाए । सो कम्पनीको सेयर १० प्रतिशतले घट्यो । कारोबार रकमका आधारमा एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट शीर्षस्थानमा रह्यो । राधी विद्युतले २२ करोडको सेयर कारोबार गर्दा युनियन हाइड्रोपावर,सिंगटी हाइड्रो इनर्जी र शिवम सिमेन्टले १८/१८ करोडको कारोबार गरे। आज १३ वटै समूहको उपसूचकहरू नकारात्मक देखिएका छन् ।

# अझै रोकिएन...

...पटक पटक गर्भपतन हुँदा महिलाको शरीरमा रगतको कमी हुने र विभिन्न सङ्क्रमण हुनसक्ने जनाउँदै उनी पछि चाँहदा चाँहदै पनि गर्भ नरहे समस्या आउने उनी बताउन्छन् । प्रमुख डा. तिवारी गर्भपतन गराउनुभन्दा परिवार नियोजनका अस्थायी तथा स्थायी साधनको प्रयोग गर्नु उत्तम विकल्प रहेको सुझाव दिन्छन् । "गर्भपतन महिलाको स्वास्थ्यसँग जोडिएको हुन्छ, यो आपत्कालीन अवस्थामा मात्रै गर्नुपर्छ, परिवार व्यवस्थापनको साधन प्रयोग गर्नुनै राम्रो हुन्छ, यत्ति सजकता अपनाइयो भने समस्या हुँदैन" प्रमुख डा. तिवारीले भने "धेरै पटक गर्भपतन गर्दा रगत बढी बगेर ज्यान जाने सम्भवना हुन्छ भने गर्भ पाठेघरभन्दा बाहिर बस्ने र शल्यक्रिया गर्नुपर्ने अवस्था आउन सक्छ ।" उनले पछिल्लो समय बजारमा जथाभावी रुपमा गर्भपतन गराउने विभिन्न औषधि पाइने र महिलाले आफूखुसी खाने गर्ने गरेको बताए । आफूखुसी गर्भपतनको औषधि खान नहुने जनाउँदै गर्भपतन गराउनै परे सूचिकृत स्वास्थ्य सस्थामा दक्ष स्वास्थ्यकर्मीको सुझाव लिएर मात्रै गर्नुपर्ने प्रमुख डा. तिवारी बताउन्छन् ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **श्री रुपछाँया कन्स्ट्रक्सन** द.नं. २६५६१७/०७८/०७९ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/११** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री एल.बि.अल्सन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **श्री एलिना मेलिना कन्स्ट्रक्सन एन्ड सप्लायर्स** द.नं. ३३४७४८/८०/०८१ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०५/२०** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री ए.एम.के कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **श्री पाण्डे विष्णु निर्माण सेवा एण्ड सप्लायर्स** द.नं. ३५३६५८/८१/८२ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी **श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०६/०५** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **श्री घ्यूबेसी कन्स्ट्रक्सन एण्ड सप्लायर्स** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई